# प्रेस नोट
# राष्ट्रिय कर दिवस, २०८०

"***स्वच्छ, पारदर्शी र प्रविधिमैत्री कर प्रशासनः सामाजिक न्याय, आर्थिक समृद्धि र सुशासन" भन्ने*** मूल नाराको साथ राष्ट्रिय कर दिवस, २०८० मनाईएको छ। कर शिक्षाको माध्यमबाट स्वेच्छिक कर सहभागितामा जोड दिई कराधार फराकिलो बनाउँदै जाने ध्येयका साथ सरोकारवालाहरुसंग सामूहिक रुपमा तथा संस्थागत सहकार्यमा अन्तरसम्बाद, छलफल गरी व्यापक प्रचार प्रसार र कर सचेतता बढाउन यही मंसिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी विभाग र मातहतका सम्पूर्ण कार्यालयहरुबाट कर सप्ताह मनाईएको छ।

विभागमा कार्यरत सबै कर्मचारीको उपस्थितिमा विभागबाट राष्ट्रिय कर दिवस, २०८० तथा मातहत ठूला करदाता कार्यालय, मध्यमस्तरीय करदाता कार्यालय र सबै आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा स्थानीय निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाका कार्यकारी प्रमुख तथा पदाधिकारीको उपस्थितिमा कर सप्ताहको औपचारिक शुभारम्भ गरियो।

कर सप्ताहको पहिलो दिन राष्ट्रिय दैनिक गोरखापत्रमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू एवं अर्थ मन्त्रालयका सचिवज्यूहरुको शुभकामना सन्देश र आन्तरिक राजस्व विभागका महानिर्देशकज्यूको प्रतिवद्धतासहित कर सम्बन्धी सामाग्रीहरु प्रकाशन भएको छ भने महानिर्देशकको शुभकामना सन्देश विभागको वेभसाइटमा राखिएको छ। त्यस्तै कर सप्ताहको पहिलो दिन सबै आन्तरिक राजस्व तथा सेवा कार्यालयहरुमा सेवा लिने पहिलो सेवाग्राही करदातालाई पुष्पमालाले स्वागत गरिएको र राष्ट्रिय कर दिवसको मूल नारा र कर सम्बन्धी सन्देशमूलक सूचना सहितको व्यानर र प्रचार सामाग्रीहरु कार्यालय तथा मुख्य मुख्य स्थानहरुमा राखी प्रचार प्रसार गरिएको।

कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते माननीय अर्थमन्त्री, अर्थसचिव लगायत अर्थ मन्त्रालय अन्तर्गत निकायका विभागीय प्रमुखहरु, कर्मचारीहरु र निजी क्षेत्रका प्रतिनिधिमूलक संघ संगठनका अध्यक्ष लगायत विभिन्न प्रतिनिधि तथा सरोकारवालाहरुको उपस्थितिमा कर सप्ताह समापन समारोह कार्यक्रमको आयोजना गरियो । यस अवसरमा माननीय अर्थमन्त्रीज्यूबाट ***स्वचालित रुपमा कुटनैतिक मू.अ.कर फिर्ता प्रणालीको शुभारम्भ गर्दै*** आर्थिक वर्ष २०७८/७९ मा विभिन्न विधामा सबैभन्दा बढी कर दाखिला गर्ने १६ करदाता सम्मान र आन्तरिक राजस्व विभाग र अन्तगर्त उत्कृष्ट कार्यसम्पादन गर्ने ११ कर्मचारीहरुलाई पुरष्कृत गरिएको छ । साथै अर्थतन्त्र तथा राजस्व सम्बन्धि विभिन्न खोजमूलक तथा विश्लेषणात्मक लेखहरुको संगालो कर स्मारिका, २०८० र आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन लोकार्पण गरी कार्यक्रम समापन गरिएको छ ।

**आर्थिक वर्ष २०७८/ को आय विवरण अनुसार ०७९सबैभन्दा बढी कर दाखिलाको आधारमा विद्यागत रूपमा छनौट भएका करदाता**

| सि.नं. | छनौटको क्षेत्र/ विद्या | करदाताको नाम |
|---|---|---|
| १. | सबैभन्दा बढी आयकर दाखिला गर्ने | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड |
| २. | निर्यात कारोवारमध्ये | डावर नेपाल प्रा.लि. |
| ३. | विशेष उद्योगमध्ये | एशियन पेण्ट्स प्रा.लि. |
| ४. | कृषि एवं पशुपंक्षीजन्य उद्योगमध्ये | ओ.सि.बी.फूड्स एण्ड फिड्स प्रा.लि. |
| ५. | सहकारी तथा लघुवित्तको कारोवार गर्ने संस्थामध्ये | छिमेक लघुवित्त वित्तीय संस्था लि. |
| ६. | बैंक वित्तीय संस्थाको कारोवार गर्ने संस्थामध्ये | ग्लोवल आई.एम.ई.बैंक लि. |
| ७. | वीमा ब्यवसायमध्ये | लाइफ ईन्स्योरेन्स कर्पोर्शन(नेपाल) लि. |
| ८. | स्वास्थ तथा शिक्षासेवा प्रदायक संस्थामध्ये | नोवेल मेडिकल कलेज टिचिङ हस्पिटल प्रा.लि. |
| ९. | पर्यटन व्यवसायमध्ये | मनकामना दर्शन प्रा.लि. |
| १०. | वस्तु ब्यापारको कारोवारमध्ये | भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल स्टोर प्रा.लि. |
| ११. | मध्यमस्तरीय करदातामध्ये | नेपाल स्टक एक्सचेञ्ज लिमिटेड |
| १२. | उर्जामूलक उद्योगमध्ये | भोटेकोशी पावर कम्पनी प्रा.लि. |
| १३. | रेमिटेन्स तथा मनी ट्रान्सफरको कारोवार गर्नेमध्ये | आई. एम. ई. लिमिटेड |
| १४. | ब्यक्तिगत आयमा सबैभन्दा बढी आयकर दाखिला गर्ने | विजय कुमार शाह |
| १५. | सबैभन्दा बढी कुल आन्तरिक राजस्व दाखिला गर्ने | सूर्य नेपाल प्रा.लि. |
| १६. | वि.सं.२०७५ श्रावण देखि २०८० आषाढमसान्तसम्मको कर अवधीमा मु.अ.कर विवरण र सो बमोजिमको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये आ.व.२०७९/८० मा सबैभन्दा बढी मु.अ.कर दाखिला गर्ने । | सूर्य नेपाल प्रा.लि. |